Informal Sector Service Centre (INSEC)
www.inseconline.org
For Human Rights and Social Justice

**नेपाल महाभूकम्प २०७२ अपडेट : २०औं दिन**
**मिति : ०७२ वैशाख ३१**
**अन्तिम अपडेट : २२:०० बजे**

**मानवीय क्षति (स्रोत : गृह मन्त्रालय)**
मृतक : ८३०९
घाइते : १६,८०८

वैशाख १२ गतेको विनाशकारी भूकम्पपछि सामान्य हुँदै गएको जनजीवन वैशाख २९ गते १२. ५६ बजे आएको ७. १ रेक्टर स्केलको भूकम्पको पराकम्पनका कारण थप त्रसित बन्यो । सो पराकम्पनले सिन्धुपाल्चोक, दोलखा र रामेछापमा बढी क्षति भयो । यो पराकम्पनले ती जिल्लामा अघिल्लो भूकम्पमा भत्कन बाँकी रहेका घर तथा संरचना भत्किए भने क्षति नपुगेको घरमा क्षति भएको इन्सेक प्रतिनिधिले पठाएको विवरणहरूमा उल्लेखित छ । घर भित्र बस्न थालेको काठमाडौं उपत्यकाबासीहरू पराकम्पनपछि पुनः पाल टाँगेर खुला स्थानमा बस्न थालेका छन् । विभिन्न किसिमका हल्ला र पटक पटकको पराकम्पनले जनजीवनलाई त्रसित बनाउन मद्दत पुऱ्याएका छन् ।

भूकम्प पीडितहरूका लागि राहत वितरण कार्यक्रम अझै व्यवस्थित हुन नसकेको र यातायात सुविधाको अभाव रहेका गाउँहरूमा अझै राहत नपुगेको गुनासोहरू आएको इन्सेक जिल्ला प्रतिनिधिहरूले बताएका छन् । लगातारको भूकम्पका कारण पहाडी क्षेत्रमा सुख्खा पहिरो जाने क्रम शुरु भएको छ भने एक महिनापछि सुरु हुने मनसुनले चिरा चिरा भएको पहाडमा पहिरो जाने र त्यसले कयौं गाउँ बस्तीहरूमा क्षति पुग्ने आँकलन गरिएको छ । जसका कारण जनजीवन थप कष्टकर हुनेमा विज्ञहरूले बताउन थालेका छन् । प्राकृतिक विपत्तिका कारण सृजित समस्या समाधानका लागि गरिनुपर्ने पूर्व तयारीका सन्दर्भमा धेरै काम हुन बाँकी रहेको छ । अहिलेदेखि नै पूर्व तयारी नथाल्ने हो भने अझ कष्टकर दिन आउने विज्ञहरूले बताएका छन् । भूकम्पबाट कैयन बाटाघाटा क्षतिग्रस्त भएका छन् । ती बाटो घाटोको पुनर्निर्माण गरी यातायात आवागमन सुचारु गर्नु जरुरी छ ।



घर पूर्ण क्षति भएर खुल्ला आकाशमा बस्न बाध्य भएको गुनासो पोख्दै संखुवासभा जिल्ला खाँदबारी नपा-७ का स्थानीयवासी ।
फोटोः छेटु शेर्पा

## उल्लेख्य

- इन्सेकले ललितपुरको बडिखेलका अति प्रभावित भूकम्प पीडितका लागि सहयोग गर्न मानवअधिकार निगरानी समूहलाई १५ थान त्रिपाल हस्तान्तरण गरेको छ । इन्सेकका तर्फबाट व्यवस्थापन प्रमुख प्रेमप्रसाद पराजुलीले त्रिपाल, ब्रस, मञ्जन, साबुन र टर्चलगायतका सामान हस्तान्तरण गरेका हुन् ।
- वैशाख १२ र २९ गते गएको विनासकारी भूकम्पबाट पर्वतमा ८८ विद्यालयमा क्षति पुगेको छ । जिल्ला शिक्षा कार्यालय पर्वतले दिएको जानकारी ८८ विद्यालयमध्ये १२ विद्यालयमा पाल टाँगेर विद्यार्थीहरूलाई पढाइ सञ्चालन गरिएको छ ।
- वैशाख २९ गते गएको भूकम्पमा परेर रामेछापमा जिल्लामा मृत्यु हुनेहरूको संख्या ११ पुगेको छ । सो भूकम्पमा परी अन्य ६४ जना घाइते भएका छन् । भूकम्पमा परी ६४ जना घाइते भएका छन् । यसअघि वैशाख १२ गते

Informal Sector Service Centre(INSEC)
Syuchatar-4, Kathmandu, Nepal
Email: inseconline@insec.org.np
Pnone : 977-1-4278770/ 4280591
Fax : 977-1-4270551
www.facebook.com/inseconline; www.twitter.com/inseconline

गएको भूकम्पमा परी जिल्लामा २५ जनाको घटनास्थलमा नै मृत्यु भएको थियो । जिल्लाका ४५ हजार घरमध्ये ४० हजार घर बस्न नहुने गरी सो भूकम्पले क्षतिग्रस्त बनाएको तथ्याङ्क स्थानीय प्रशासनले सार्वजनिक गरेको थियो ।

- वैशाख १२ गतेको भूकम्पले चर्किएका ताप्लेजुङ जिल्लाका विद्यालय भवनहरू वैशाख २९ गतेको भूकम्पले भत्किएका छन् । जिल्लाका २४ वटा विद्यालय पूर्णरूपमा भत्किएको जिल्ला शिक्षा कार्यालयका सहायक जिल्ला शिक्षा अधिकारी निलमणि खनालले जानकारी दिए । पठनपाठन गराउन नमिल्ने गरी भत्किएको भए अस्थायी टहरा निर्माण नगरुन्जेल विद्यालय व्यवस्थापन समिति र शिक्षकले विवेकले निर्णय गर्ने अधिकार प्रदान गरिएको खनालले बताए ।
- वैशाख २९ गतेको भूकम्पले सुनसरीमा मृत्यु हुनेको सङ्ख्या दुई पुगेको छ । १० जना घाइते भएका छन् । भूकम्पका कारण घाइते भएकी इटहरी उमनपा-२५ की ९५ वर्षीया सन्तमाया भूलेलको वैशाख ३० गते बिहान मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । वैशाख २९ गते भूकम्प आएकै बेला हृदयघात भइ रामधुनीभाषी नगरपालिका-१० की ६५ वर्षीया दिलकुमारी राईको मृत्यु भएको थियो । भूकम्प आउँदा भाग्ने क्रममा सुनसरीका विभिन्न ठाउँमा १० जना घाइते भएका थिए ।
- वैशाख २९ गते आएको भूकम्पका कारण सिन्धुपाल्चोकमा मृत्यु हुनेको सङ्ख्या १६ पुगेको छ । मृतक उनीहरूको सनाखत भइसकेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । भूकम्पका कारण चौतारा सदरमुकामको सबै घर ध्वस्त भएका छन् । जोखिमका कारण सदरमुकाम चौतारा बजारमा हिँडडुल गर्न प्रहरीले रोक लगाएको छ । भूकम्पका कारण सम्पर्क विहीन तातोपानी गाविस लार्चास्थित इलाका प्रहरी कार्यालयका सबै प्रहरीहरूलाई वैशाख ३१ गते हेलिकप्टरबाट उद्दार गरी बाह्रबीसे इलाका प्रहरी कार्यालयमा ल्याइएको जिल्ला प्रहरी कार्यालयका डीएसपी दिपक खरेलले बताए ।
- वैशाख २९ गते मङ्गलबार दिउँसो आएको भूकम्पले अछाम जिल्लाका चौध गाविसका १७ घर र भवन चर्केका छन् । भूकम्पका कारण जिल्ला स्थित ११ विद्यालय र ६ वटा निजी घर चर्केका जिल्ला प्रहरी कार्यालय अछामले जनाएको छ ।
- वैशाख १२ गते गएको भूकम्पबाट पीडितका लागि वैशाख ३१ गते झण्डै ६ लाख राहत सङ्कलन गरेर प्रधानमन्त्री दैवी राहत कोषमा दाखिला गरेको जिल्ला प्रशासन कार्यालय डोल्पाले जानकारी गराएको छ ।
- वैशाख १२ र वैशाख २९ गते गएको विनाशकारी भूकम्पले रुकुममा ५ सय भौतिक संरचना क्षति भएको जिल्ला प्रशासन कार्यालयले प्रारम्भिक जानकारी दिएको छ । जिल्ला प्रशासन कार्यालयको पहलमा प्रहरी टोली भूकम्प प्रभावित गाविसहरू रुकुमकोट, गराइला, तसकेरा आदि गाविसमा पुगेर वास्तविक तथ्याङक सङ्कलन गर्ने काम वैशाख ३० गतेबाट सुरु भएको जिल्ला प्रहरी कार्यालय रुकुमका डीएसपी गोविन्द थपलियाले जानकारी दिए ।
- प्रधानमन्त्री सुशील कोइरालाले भूकम्पप्रभावितलाई राहात र सहयोगका कार्यक्रम ल्याउने प्रतिबद्धता जनाएका छन् । रामेछापको सदरमुकम मन्थलीमा भूकम्प प्रभावितको अवस्थाबारे बुझ्न आएका प्रधानमन्त्री कोइरालाले सो प्रतिबद्धता जनाएका हुन् ।
- वैशाख १२ गतेको भूकम्पले क्षति पुगेको भोजपुर जिल्लाको सुदुरउत्तरी गाविस खाटाम्मा गाविसका पाँच ओटा विद्यालयहरू वैशाख २९ गते गएको भूकम्पले ध्वस्त पारेको छ । भूकम्पले खाटाम्मा गाविसस्थित रहेको जाल्पा मावि, सिलिचुङ प्रावि, साकेचुङ प्रावि, प्रजातन्त्र प्रावि र पञ्चकन्या निमावि ध्वस्त पारेको हो । पठनपाठन भइरहेको समयमा भूकम्प आएकोले भाग्ने क्रममा दुई जना विद्यार्थी सामान्य घाइते भएको पनि राईले बताए ।
- वैशाख २९ गते आएको भूकम्पबाट मकवानपुरमा ८९ जना घाइते भएका छन् । वैशाख ३० गते बिहानसम्म भूकम्पबाट घाइते भएकाहरू हेटौडा अस्पतालमा उपचारका लागि आइरहेका छन् । उनीहरू भूकम्प आएपछि भागदौड गर्ने क्रममा घाइते भएका थिए । बिहान ३ बजे आएको भूकम्पबाट बच्नको निम्ति भागदौड गर्ने क्रममा

Informal Sector Service Centre(INSEC)
Syuchatar-4, Kathmandu, Nepal
Email: inseconline@insec.org.np
Pnone : 977-1-4278770/ 4280591
Fax : 977-1-4270551
www.facebook.com/inseconline; www.twitter.com/inseconline

केही घाइते भएका छन् । भूकम्पको मानसिक त्रासले थाहा नपा-७ का ६४ वर्षीय खड्गबहादर विष्ट बेहोस भएकोमा वैशाख ३१ गते काठमाडौंस्थित शिक्षण अस्पतालमा मृत्यु भएको हो । उनको उपचार काठमाडौंमा भइरहेको थियो ।

- वैशाख १२ गते गएको विनाशकारी भूकम्पले प्यूठान जिल्लामा तीन पूर्ण र ५१ विद्यालयमा आंशिक क्षति पुऱ्याएको जिल्ला शिक्षा कार्यालयले जानकारी दिएको छ । भूकम्पले विद्यालयमा पुऱ्याएको क्षति विवरण संकलन गर्न जिल्ला शिक्षा कार्यालयले दुई ओटा समूहलाई खटाएको थियो ।
- वैशाख १२ र २९ गते गएको ठूलो भूकम्प कारण बाँके जिल्लाका सरकारी तथा निजी गरी ४९ ओटा भवनमा क्षति पुगेको छ । जिल्लाका १५ ओटा सरकारी कार्यालय, १५ ओटा सामुदायिक विद्यालय र १९ निजी भवनमा क्षति पुगेको जिल्ला प्रशासन कार्यालयले जनाएको छ । भूकम्पबाट जिल्ला प्रशासन कार्यालयको प्रजिअ निवास चर्केर बस्न नमिल्ने अवस्थामा पुगेको छ ।
- वैशाख १२ गते र २९ गते गएको विनासकारी भूकम्पमा क्षति पुगी घरबारविहीन सङ्खुवासभा मकालु गाविसका पीडित परिवारले अझैसम्म पनि राहत नपाएको गुनासो गरेका छन् । भूकम्प आएको २० दिन पुग्न लागे पनि त्रिपालसमेत शहरमै वितरण गरेको गाउँ क्षेत्रमा हेर्न सरकारी प्रतिनिधि कोही नआएको गुनासो गरेका हुन् । दुर्गम मकालु गाविस मा भने हालसम्म सरकारी प्रतिनिधि कोही पनि नआएको भन्दै पीडितले कुनै पनि राहत नपाएको स्थानीय शिक्षक अशोक चापागाईले बताए ।

**पूर्ण विवरणका लागि :** http://www.inseconline.org/